


# E-TDS सम्बन्धी व्यवस्था




















एफसिए राजकुमार फुयाल

“The hardest thing in the world to understand is the Income Tax.”

- Albert Einstein



# आयकर ऐन २०५८ मा अग्रिम कर कट्टी (TDS) सम्बन्धी व्यवस्थाहरु






# पारिश्रमिकमा कर कट्टी

सहकारीले वार्षिक पारिश्रमिकमा कर दायित्व गणना गरेर आएको कर दायित्वलाई १२ महिनाले वा नोकरी अवधी सो भन्दा कम भए सोही बमोजिम दामासाहीले भाग गरी आउने रकम पारीश्रमिक भुक्तानीबाट कट्टा गर्नुपर्ने ।

यसरी पारिश्रमिक कर दायित्व यकिन गरी कर कट्टा गर्ने दायित्व यस ऐनले रोजगारदातालाई तोकेको छ ।

# ज्यालाको भुक्तानीमा अग्रिम कर कट्टी

श्री ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले मान बहादुर थापालाई संस्थाको कौसी र भान्सामा टाएल लगाए बापत दिनको २००० को दरले ४ दिनको ज्याला बापत रु. ८,०००।- भुक्तानी दिनुपर्ने रहेछ । सहकारी संस्थाले उक्त रकम भुक्तानी दिँदा ज्याला रु. ८,०००।- मा १ प्रतिशतका दरले हुने रु. ८०।- अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रकम रु. ७,९२०।- मान बहादुर थापालाई भुक्तानी गर्नु पर्दछ ।



# स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा

कर्मचारीको योगदान भएको स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको ५% अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ ।



# स्वीकृति नलिएको अवकाश कोषबाट लाभ भुक्तानी गर्दा

कर्मचारीको योगदान नभएको स्वीकृति नलिएको अन्य अवकाश कोषबाट लाभ भुक्तानी गर्दा लाभ रकमको १५% अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ ।

कर्मचारी
उपदान कोष

# अन्य अवकाश भुक्तानी

- बिदाको सट्टा नगद, औषधी उपचार खर्च, स्वेच्छिक अवकाश योजना अन्तर्गत कर्मचारीलाई भुक्तानी गरिने एकमुष्ठ तलब रकम आदि ।
- आयकर ऐन २०५८ को दफा ८८(१) अनुसार एकमुष्ठ दिइने भुक्तानीमा **१५% का दरले** हुने अग्रिम कर कट्टी गरी भुक्तानी दिनु पर्दछ ।

# निक्षेपको ब्याज भुक्तानीमा अग्रिम कर कट्टी

| | |
|---|---|
| प्राकृतिक व्यक्तिलाई निक्षेपमा गरिने ब्याज भुक्तानी | ५% का दरले |
| प्राकृतिक व्यक्ति बाहेक अन्य निकायलाई | १५% का दरले |

कृषि, वनपैदावारमा आधारित सहकारी र गाउँपालिकामा सञ्चालित सहकारीमा जम्मा गरेको निक्षेपमा आर्जित **वार्षिक २५,००० रुपैयाँसम्मको ब्याज आयमा** कर लाग्ने छैन ।

एफसिए राजकुमार फुयाल

# बाह्य ऋणको ब्याज भुक्तानी :

बैंक वा वित्तीय संस्था र सहकारी संघहरुलाई तिरेको बाह्य ऋणको ब्याज रकममा अग्रिम कर कट्टा गर्नु पर्दैन ।



# ठेक्का वा करार भुक्तानी

दफा ८९(१) अनुसार ठेक्का वा करार बापत ५०,००० रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कूल रकममा **१.५ प्रतिशतका** दरले करकट्टी गर्नुपर्नेछ ।
करार वा ठेक्काको भुक्तानी रकम यकीन गर्ने प्रयोजनको लागि सोही करार अन्तर्गत भुक्तानी पाउने व्यक्ति वा निजको समद्ध व्यक्तिलाई विगत १० दिनमा दिईएका अन्य कुनै भुक्तानी भए सो समेत जोडी यकीन गर्नु पर्दछ ।



# सामान खरिद गर्दा ???

- बिल जे जस्तै भए पनि ५०,००० रुपैयाँभन्दा बढीको रकम भुक्तानी दिँदा भुक्तानीको कूल रकममा **१.५ प्रतिशत** का दरले करकट्टी गर्नुपर्छ ।

- **बिल जे जस्तै भए पनि ५०,००० रुपैयाँभन्दा कमको रकम भुक्तानी दिँदा भुक्तानीमा करकट्टी गर्नुपर्ने छैन ।**

# सेवाको भुक्तानीमा अग्रिम कर

- मूल्य अभिवृद्धि करमा दर्ता भएको सेवाप्रदायकलाई भुक्तानी गरेको सेवा शुल्कमा : १.५%
- मूल्य अभिवृद्धि करमा दर्ता नभएको सेवाप्रदायकलाई भुक्तानी गरेको सेवा शुल्कमा : १५%





# Rental Payments (बहाल कर)

- दफा ८८(४)(ख) अनुसार **प्राकृतिक व्यक्ति**लाई तिरेको घर बहाल रकममा **अग्रिम करकट्टी गर्नु पर्नेछैन** ।

- दफा ८८(४)(ख) अनुसार **प्राकृतिक वाहेक**को अन्य व्यक्तिलाई तिरेको घर बहाल रकममा **१०%** दरले अग्रिम कर कट्टा गर्नुपर्छ ।

- **स्थानिय निकायमा बहाल कर बुझाउन पर्छ ?**



# फर्निचर र मेशीनरी उपकरणहरु भाडामा लिए बापतको भुक्तानी

फर्निचर र मेशीनरी उपकरणहरु भाडामा लिए वापत भुक्तानी गरिने रकममा १०% का दरले अग्रिम कर कट्टा गरी बाँकी हुन आउने रकम भुक्तानी गर्नु पर्दछ।






# भाडाका सवारी साधन (ढुवानी बाहेक)

मूल्य अभिवृद्धि करमा दर्ता भई सवारी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई त्यस्तो सवारी साधनको भाडा बापत भुक्तानी गर्ने रकममा १.५% ले करकट्टी गर्नु पर्नेछ।

अन्यको हकमा १०% ले करकट्टी गर्नु पर्नेछ।





# ढुवानी सेवाको भुक्तानी (यात्रुवाहक सवारी साधन बाहेकका)





ढुवानी सेवा बापत तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा २.५% का दरले करकट्टी गर्नुपर्नेछ ।

मालसामान ओसारपसार गर्ने काममा प्रयोग हुने लरी, ट्रक, मिनी ट्रक, कन्टेनर, बुलेट, ट्याङ्कर, पिकअप, भ्यान, ट्र्याक्टर जस्ता ढुवानीका साधनलाई गरिने भाडा भुक्तानी ।

# बैठक भत्ता (Meeting Allowance)

बैठक भत्ता भुक्तानीमा **१५%** दरले अग्रिम कर कट्टी गर्नुपर्छ ।

मानौं, हल्का रमाइलो बचत तथा ऋण सहकारी संस्था लि. मा लेखा समितिको बैठकमा उपस्थित भए बापत बैठक भत्ता रु. २०००।- को व्यवस्था रहेछ । सोही व्यवस्था बमोजिम श्री मेघ थापालाई बैठकमा उपस्थित भए बापत संस्थाबाट हुने बैठक भत्ताको भुक्तानी रु. २०००।- मा १५% दरले रु. ३०० अग्रिम कर कट्टी गरी बाँकी रकम रु. १,७०० निजलाई भुक्तानी गर्नुपर्ने हुन्छ ।



# लाभांश कर (Dividend Tax)


**लाभांश भुक्तानीमा ५% का दरले करकट्टी गर्नु पर्नेछ ।**

मानौं, भाग्यश्री बचत तथा ऋण सहकारी संस्था लिमीटेडको २०७७ असोज १८ गते बसेको साधारण सभाले आर्थिक बर्ष २०७६।७७ को मुनाफाबाट शेयर पूँजीको १० प्रतिशतका दरले हुने रु. ५,००,००० नगद लाभांश बितरण गर्ने निर्णय गरेको रहेछ । यस अवस्थामा जम्मा लाभांश रु. ५,००,००० को ५% ले हुने रु. २५,००० सो संस्थाको २०७७ असोज महिनाको लाभांश बापत अग्रिम कर कट्टी गर्ने दायित्व हुनेछ ।




# संरक्षित पूँजी फिर्ता कोषबाट बाँडिएको प्रोत्साहन भत्ता

- संस्थाले संरक्षित पूँजी फिर्ता कोषबाट कारोबारको आधारमा बाँड्ने प्रोत्साहन भत्तामा **५%** को दरले अग्रिम कर कट्टी गर्ने दायित्व हुनेछ ।
- मानौं, लकडाउन बचत तथा ऋण सहकारी संस्था लि. ले आ.व. २०७६।७७ को असल कारोबारी श्री श्याम थापालाई संरक्षित पूँजी फिर्ता कोषबाट रु. १०,००० प्रोत्साहन भत्ता बितरण गरेको रहेछ । यस अवस्थामा जम्मा प्रोत्साहन भत्ता रु. १०,००० को ५% ले हुने रु. ५०० अग्रिम कर कट्टा गरी बाँकी रकम रु. ९,५०० निजलाई भुक्तानी गर्नुपर्ने हुन्छ ।



# साधारण सभा खर्च

- सामान खरिद,
- छपाई खर्च,
- अतिरीक्त समय कामको भुक्तानी,
- यातायात तथा खाजा खर्च,
- भिडीयोग्राफी सेवा,
- विज्ञापन,
- गाडी भाडा,
- साउन्ड सिस्टम,
- हल भाडा



# सफ्टवेयर नविकरण










- How much tax is to be retained?
- Vat Bill : 1.5%, Non Vat Bill : 15%

# बीमा खर्च

संस्थाले भल्टमा रहने नगद, काउन्टरमा रहने नगद र मार्ग स्थल नगदको बीमा बापतको प्रिमियमको भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नु पर्दैन ।

# ईन्टरनेट महशुल भुक्तानी

ईन्टरनेट सेवा बापतको भुक्तानीमा १.५% दरले करकट्टी गर्नुपर्नेछ ।

**तर नेपाल टेलिकमबाट लिइने ईन्टरनेट सेवा बापतको भुक्तानीमा अग्रिम करकट्टी गर्नुपर्ने छैन ।**

# आकस्मिक लाभमा करकट्टी

- दफा ८८क (१) अनुसार आकस्मिक लाभ वापतको भुक्तानीमा **२५%** दरले करकट्टी गर्नुपर्नेछ।
- मानौं, रमन श्रेष्ठ भन्ने व्यक्तिले दशैंको समयमा चिठ्ठा खरीद गरेको रहेछ । चिठ्ठा खोल्दा सो व्यक्तिलाई रु. १,००,००० को चिठ्ठा परेको रहेछ भने उक्त व्यक्तिलाई भुक्तानी गर्दा २५ प्रतिशतले हुने अर्थात रु. २५,००० भुक्तानीमा कर कट्टा गरी बाँकी रु. ७५,००० मात्र भुक्तानी गर्नुपर्दछ।



# रेमिट्यान्स भुक्तानीमा अग्रिम कर असुल गर्नुपर्ने

कुनै व्यक्तिले नेपाल बाहिर सफ्टवेयर वा यस्तै अन्य सेवा उपलब्ध गराए बापत प्राप्त गरेको रकमको भुक्तानीमा प्राप्त रकमको १% का दरले अग्रिम कर असुल गर्नुपर्ने हुन्छ।

**आर्थिक ऐन २०७८÷७९ ले थप गरेको व्यवस्था**



# अग्रिम कर कट्टी रकमको भुक्तानी

अग्रिम कर कट्टी गरिएको कर रकम प्रत्येक **महीना समाप्त भएको २५ दिनभित्र** सम्बन्धित आन्तरिक राजस्व कार्यलयमा दाखिला गर्नुपर्नेछ ।

मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो कर्मचारीको चैत्र महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु.२०,०००।- र घर बहाल भुक्तानीमा रु. ५,०००।- कर कट्टा गरेको रहेछ । उक्त कट्टा गरेको अग्रिम कर रकम बैशाख महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यलय/करदाता सेवा कार्यलयमा दाखिला गर्नुपर्नेछ ।



# अग्रिम कर नबुझाएमा लाग्ने ब्याज :

अग्रिम कर तिर्नुपर्ने तोकिएको मितिसम्म कुनै व्यक्तिले कर दाखिला नगरेमा दाखिला गर्न बाँकी रहेको रकममा यसरी कर दाखिला गर्न बाँकी रहेको अवधिभरको लागि सो व्यक्तिलाई प्रत्येक महिना र महिनाको भागमा १५ प्रतिशत का दरले ब्याज लाग्नेछ ।



# राजस्व संकेतहरु (Revenue Code)

| राजस्व शिर्षक | राजस्व संकेतहरु | कैफियत |
|---|---|---|
| ब्याज कर | ११132 | |
| सामाजिक सुरक्षा कर | ११२११ | |
| परिश्रमिक कर | ११११२ | |
| व्यक्तिगत/एकलौटि फर्मको भुक्तानी | ११११२ | |
| प्रा.लि. कम्पनीको भुक्तानी | १११२३ | |
| सहकारी/साझेदारी फर्मको भुक्तानी | १११२४ | |
| बहाल कर | १११३१ | |
| लाभांश कर | १११३३ | |

एफसिए राजकुमार फुयाल

# अग्रिम कट्टी गरिएको विवरण (E-TDS)

- दफा ९०(१) अनुसार अग्रिम कर कट्टी गर्नु पर्ने प्रत्येक व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र E-TDS मार्फत विभागमा विवरण दाखिला गर्नु पर्नेछ।
- तोकिएको मितिसम्म अग्रिम कट्टी गरिएको E-TDS विवरण दाखिला नगरेमा २.५ प्रतिशत दरले अतिरिक्त शुल्क लाग्नेछ।




# अग्रिम कट्टी गरिएको विवरण (E-TDS) नबुझाएमा लाग्ने शुल्कको उदाहरण :

- मानौं, ए.बि.सी बचत तथा ऋण सहकारी संस्थाले आफ्नो कर्मचारीको चैत्र महिनाको पारिश्रमिक भुक्तानी गर्दा रु.२५,०००।- कर कट्टा गरेको रहेछ, त्यस्तै सो महिनाको घर बहाल भुक्तानीमा रु. ५,०००।- कर कट्टा गरेको रहेछ । उक्त कट्टा गरेको अग्रिम कर रकमको विवरण बैशाख महिनाको २५ गतेभित्र नभएर जेठ १२ गते दाखिला गरेमा (रु ३०००० * २.५% * १/१२ = ) रु. ३७५ सम्बन्धित आन्तरिक राजस्व कार्यलय /करदाता सेवा कार्यलयमा दाखिला गर्नुपर्नेछ ।

# अग्रिम कट्टी गरिएको विवरण (E-TDS) गर्ने तरिका

- www.ird.gov.np मा गएर Taxpayer Portal मा क्लिक गर्नुहोस ।
- त्यसपछि E-TDS मा क्लिक गर्नुहोस ।
- सब्मिशन नं लिने फारम भरेर Register मा क्लिक गर्नुहोस ।
- सब्मिशन नं नोट गर्नुहोस । पछि Log-in गर्न काम आउँछ ।
- ट्रान्जयाकशन भर्ने फारम मा क्लिक गर्नुहोस ।



सब्मिशन नं. लिने फाराम | विथहोल्डर लगइन | विथहोल्डि लगइन

प्रयोगकर्ताको नाम *:

पासवर्ड *:

पुन: पासवर्ड *:

स्थायी लेखा नं. (पान नं.):

विथहोल्डरको नाम *:

◉ आ.रा.का ○ क.से.का

आ.रा.का *: ------------------ Select IRO ------------------

ईमेल:

फोन नं. *:

ठेगाना:

भौचर मिति: YYYY.MM.DD **भौचर मिति २०७५.०४.०१(BS) भन्दा अगाडि भएमा भर्नुहोस्

टि. डि. एस कलेक्सन अन्तराल

☑ वि.सं. YYYY.MM.DD देखि 2079.10.18 सम्म

☐ इ.स. YYYY.MM.DD देखि YYYY.MM.DD सम्म

Register Reset

एफसिए राजकुमार फुयाल

तपाई सफलता पूर्वक रजिस्टर हुनुभयो !

तपाईको सब्मिशन नं. :790049751364

प्रयोगकर्ताको नाम :304301881

विथहोल्डरको नं. : 304301881

विथहोल्डरको नाम : साई सिद्धान्त बचत तथा ऋण सहकारी सस्था लि.

आ.रा.का. : Inland Revenue Office Jorpati

क.से.का :

फोन नं. :: 014160085

ठेगाना :

टि. डि. एस कलेक्सन अन्तराल : 2079.09.01 देखि 2079.09.30 BS सम्म

कृपया सब्मिशन नं. ,प्रयोगकर्ताको नाम र पासवर्ड टिप्नुहोस्

नयाँ सब्मिशन नं. | ट्रान्स्याकशन भर्ने

एफसिए राजकुमार फुयाल

ट्रान्स्याकशन भर्ने फारम | भौचर भर्ने फारम | लगइन विवरण परिवर्तन गर्ने फारम | लगआउट

## ट्रान्स्याकशन विवरण

**सब्मिशन नं.:** 790049751364 **विथहोल्डरको स्थायी लेखा नं.:** 304301881 **विथहोल्डरको नाम:** साई सिद्धान्त बचत तथा ऋण सहकारी सस्था लि. **टि. डि. एस कलेक्सन अन्तराल :** 2079.09.01

Print Preview | Print Preview in English | Download Sample

Load XML file | Load EXCEL file | Save Records to XML file | Save Records to EXCEL file

Note:-First row of excel is reserved for header. So it will be ignored during upload

| स्थायी लेखा नं./पान नं. | नाम | भुक्तानी मिति: ☑ वि.सं. ☐ ई.सं. | भुक्तानी रकम | टि.डि.एस रकम | टि.डि.एस किसिम |
|---|---|---|---|---|---|
| | | YYYY.MM.DD | | | ----Select TDS Type---- |

स्थायी लेखा नं./पान नं.: नाम खोज्ने आधार: ◉ English ○ Nepali नाम: Search

Delete All | Add | Reset | Save | Submit

## ट्रान्स्याकशनहरु

| सि. न. | स्थायी लेखा नं. | नाम | दाखिला मिति | भुक्तानी रकम | टि.डि.एस रकम | टि.डि.एस किसिम |
|---|---|---|---|---|---|---|

Previous | Next | Refresh

एफसिए राजकुमार फुयाल

ट्रान्स्याकशन भर्ने फारम | भौचर भर्ने फारम | लगइन विवरण परिवर्तन गर्ने फारम | लगआउट

## भौचर विवरण

**सब्मिशन नं.:** 790049751364 **विथहोल्डर स्थायी लेखा नं.:** 304301881 **विथहोल्डर नाम:** साई सिद्धान्त बचत तथा ऋण सहकारी सस्था लि. **टि. डि. एस कलेक्सन अन्तराल :** 2079.09.01

दाखिला मिति:

| शिर्षक | भौचर नं. | तिरेको प्रकार | ☑ वि.सं. ☐ ई.सं. | आ.रा.का / क.से.का | टि.डि.एस रकम |
|---|---|---|---|---|---|
| | | Tax Office | YYYY.MM.DD | ----Select IRO---- | |

Print Preview | Print Preview in English | Add | Reset

### भौचरहरु

| सि. न. | शिर्षक | भौचर नं. | तिरेको प्रकार | दाखिला मिति | आ. रा. का / बैंक | टि.डि.एस रकम | भौचर रिकनसाइल |
|---|---|---|---|---|---|---|---|

एफसिए राजकुमार फुयाल

- ट्रान्जयाकशन (प्यान नं, मिती, भुक्तानी रकम, टि.डि.एस रकम, टि.डि.एस किसिम) विवरण भरेर Save गर्नुहोस ।
- थप कारोबार Entry गर्न Add मा क्लिक गर्नुहोस ।
- सबै कारोबार इन्ट्री गरिसकेपछि भौचर फारम मा क्लिक गर्नुहोस ।
- स्किनमा देखिने सबै विवरण (खाता नं, भौचर नं, भुक्तानीको किसिम, कार्यालय, टि.डि.एस रकम, बैंक कोड आदि) भर्नुहोस र Save गर्नुहोस ।
- अगाडि ट्रान्जयाकशन भर्ने फारम मा आएर Submit Button मा क्लिक गर्नुहोस ।
- अगाडि फेरी Taxpayer Portal मा क्लिक गर्नुहोस । त्यसपछि General मा Taxpayer Login मा क्लिक गर्नुहोस ।
- सब्मिशन नं लिने फारम भरेर Register मा क्लिक गर्नुहोस ।

Taxpayer's Page

Taxpayer Logout

PAN: 304301881

Trade Name: साई सिद्धान्त बचत तथा ऋण सहकारी सस्था लि. / साई सिद्धान्त बचत तथा ऋण सहकारी सस्था लि.

KYT | Verification | Request For Filing Date Extension | Transactions | ATR | Payment Voucher | Request For Amendment Refund Bill Entry | Add Withholdee Pan In ETDS | Application For Loan | Tax Clearance | Add PSO/PSP | Check Tax Clearance | Print Excise Permit | Zero VAT Return Paid Voucher List | Preparation of Annex 10 | VAT sales and purchase register upload

Please update KYT form.


कृपया आर्थिक बर्ष २०७८।०७९ को लागि KYT (Know Your Taxpayer) फारम अपडेट गर्नुहोस्।


Non Filer And Outstanding

The information is indicative. If any doubt, please contact corresponding tax office

Non Filer

Outstanding


Integrated Tax Menus >>Taxpayer Transactions Verifications
Tax Payer Verification
Back
Tax Payer Verification
Module:
TDS
Submission No.:
Preview
Verify
Reset
Proceed To Payment




एफसिए राजकुमार फुयाल

## E-TDS का विशेषता

- करदाताले आफूले गर्नुपर्ने अग्रिम कर कट्टी रकमलाई सजिलैसँग जहाँबाट पनि विद्युतीय माध्यमद्वारा प्रविष्ट गर्न सकिने ।
- Withholder ले विद्युतीय माध्यमद्वारा प्रविष्टि (online posting) गरेको कर कट्टी विवरण Submission Number को आधारमा आफ्नो user name बाट जहिले पनि प्राप्त गर्न सकिने ।
- Withholder ले Withholdee लाई पटक पटक दिनुपर्ने कर कट्टी अभिलेख/विवरण दिइरहनु नपर्ने ।
- Withholdee ले आफ्नो PAN मा विभिन्न करदाताबाट विभिन्न समयमा कट्टी गरेको कर विवरण सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट प्राप्त user name तथा password को आधारमा एकीकृत रूपमा भौचर नं., मिति, रकम, अग्रिम कर कट्टी गर्ने करदाताको नाम आदि सहितको पूर्ण विवरणको फाँटवारीद्वारा web बाट एकै पटक प्राप्त गर्न सकिने ।
- यसको प्रयोगबाट सम्बन्धित करदाता (withholdee) लाई आफ्नो PAN मा कट्टी भएको अग्रिम कर कट्टी भिडाउन कर दाखिला भएको आन्तरिक राजस्व कार्यालयमा सम्पर्क गर्नु नपर्ने भई सेवा प्राप्तिमा सरलीकृत तथा कम लागत लाग्ने ।
- सम्बन्धित आन्तरिक राजस्व कार्यालयले पनि PAN को आधारमा अग्रिम कर कट्टी गरिएको विवरण online रूपमै प्राप्त भरी तथ्यांक विश्लेषण तथा तथ्याङ्क verification गर्न सजिलो हुने । जसको कारणबाट कर सहभागिता समेतमा सकारात्मक प्रभाव पर्न सक्ने देखिन्छ ।
- राजस्व संकलन गर्ने राजस्व कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तर्गतका करदाताको अग्रिम कर कट्टीको एकमुष्ट विवरण प्राप्त गरी राजस्व संकलनको लेखाङ्कन तथा विश्लेषण गर्न सरलीकृत हुने ।

# अग्रिम कर कट्टी भई E-TDS मार्फत जम्मा भएको रकम हेर्ने प्रक्रिया

- Username, Password प्राप्त गर्न आ.रा.का. मा सम्पर्क गर्नुहोस । त्यसपछि,
- www.ird.gov.np मा Taxpayer Portal मा क्लिक गर्नुहोस ।
- त्यसपछि E-TDS मा क्लिक गर्नुहोस ।
- Withholdee Login मा क्लिक गर्नुहोस ।
- Username, Password राखी आफ्नो विवरण हेर्नुहोस ।

"The cost of non-compliance is great. If you think compliance is expensive, try non-compliance."

- Paul McNulty

Former U.S. Deputy Attorney General



# ध्यान दिएर सुन्नुभएकोमा धन्यवाद ।

# केही टिप्पणी, प्रश्न, जिज्ञासा अथवा सल्लाह सुझाव छ की ???



**For any Queries Feel Free to Contact**

**Email: carajkumarphuyal@gmail.com**

**Mobile No: +977 – 9851203839**